पत्रकार सम्मेलन

**आयोजकः** पलाँता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट
**स्थानः** संवाद डबली, काठमाडौं
**मितिः** २०८१।११।०५

उपस्थित सञ्चारकर्मी मित्रहरू,
नागरिक समाजका प्रतिनिधिहरू,
देशभरिका दाजुभाइ तथा दिदीबहिनीहरू,

आज म यहाँ कुनै व्यक्ति वा संस्थासँग द्वन्द्व सिर्जना गर्न उपस्थित भएको होइन। म यहाँ कर्णालीको विकट भूभागमा पलाँता गाउँपालिकामा बसोबास गर्ने हजारौं नागरिकको आवाज बोकेर उपस्थित भएको छु।

कर्णाली प्रदेशको कालिकोट जिल्लामा अवस्थित पलाँता गाउँपालिका भौगोलिक दृष्टिले अत्यन्त दुर्गम, विकट र पूर्वाधारको हिसाबले पछि परेको क्षेत्र हो। संघीयता आउनु अघि यहाँका जनताले राज्यको उपस्थितिको अनुभूति गर्न पाएका थिएनन्। नेपालको संविधान, २०७२ जारी भएसँगै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको अभ्यास प्रारम्भ भयो। संघीयताको मूल मर्म नै के हो भने **'राज्यको सेवा नागरिकको घरदैलोमा पुग्नु हो।**

यसै मर्मअनुसार हामीले पालिकाको स्थायी केन्द्र वडा नं. २ रानिबिसौनामा स्थापना गरी मिति २०८१।०८।१८ देखि सम्पूर्ण प्रशासनिक तथा सेवा प्रवाह नियमित रूपमा सञ्चालन गर्दै आएका छौं। तर दुर्भाग्यवश पालिकाको सेवा प्रवाहको सबैभन्दा महत्वपूर्ण अंग 'बैंकिङ सेवा' अहिलेसम्म पलाँता वडा नं. ९ थिर्पुमा सीमित रहँदा जनताले असह्य सास्ती भोग्नुपरेको छ। पालिकाबाट प्रवाह हुने सेवाहरु योजना सम्झौता, भुक्तानी प्रक्रिया, धरौटी व्यवस्थापन, राजस्व संकलन, सामाजिक सुरक्षा सम्बन्धि सबै सेवा प्रवाहहरु बैंकिङ प्रणालीसँग प्रत्यक्ष जोडिएका छन्। तर आज पनि सेवाग्राहीहरूलाई रानिबिसौनाबाट सिफारिस लिएर करिव तीन घण्टा पैदल हिँडेर थिर्पु पुग्नुपर्ने बाध्यता छ। एक सामान्य त्रुटि सच्याउन पनि दिनौं समय, अतिरिक्त खर्च र श्रम व्यहोर्नुपरेको छ। पालिकाको केन्द्र देखि टाढा रहेको नबिल बैंकको शाखाबाट सेवाग्रहीले सो अनुरुपको सेवा प्रवाह नभएको, अनावश्यक झन्झट र दुःख व्यहोर्नु परेको र बैंकको यस व्यवहार केवल प्रशासनिक जटिलता मात्र होइन यो दुर्गम क्षेत्रका नागरिकमाथि भएको संरचनात्मक अन्याय एवंम दुर्व्यवहार हो।

स्थायी केन्द्रसँगै सरकारी कारोबार गर्ने नबिल बैंक लिमिटेड को शाखा पनि सोही स्थानमा सारिनु पर्ने आवश्यकतालाई महसुस गर्दै गाउँ कार्यपालिकाको बैठकबाट मिति २०८२ असार महिनामा विधिवत निर्णय गरिएको थियो। सो निर्णय बमोजिम बैंकको केन्द्रीय कार्यालयलाई औपचारिक

पत्राचार गरिएको थियो। त्यसपछि पालिकाबाट निरन्तर पहल र पटक-पटकको पत्राचारपछि अन्ततः मिति २०८२।०९।२५ गते नबिल बैंकबाट घरभाडा सम्बन्धी कोटेशन आह्वानको सूचना प्रकाशित भयो। यसबाट शाखा स्थानान्तरणको प्रक्रिया अगाडि बढेको संकेत प्राप्त भएको थियो।

तर, अप्रत्याशित रूपमा जिल्ला प्रशासन कार्यालय कालिकोटबाट बैंकको केन्द्रीय कार्यालयलाई "जिल्लाको शान्ति सुरक्षामा चुनौती थपिन सक्ने" भन्ने आशयको पत्र पठाई शाखा स्थानान्तरण प्रक्रिया स्थगन गर्न निर्देशन दिइयो।

यस अप्रत्याशित कदमप्रति हाम्रो गम्भीर आपत्ति छ।

नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई स्वायत्त अधिकार प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सेवा प्रवाह प्रभावकारी बनाउन स्पष्ट दायित्व तोकेको छ। स्थानीय सरकारको निर्णय कार्यान्वयन प्रक्रिया र नागरिकलाई सेवा प्रवाहमा अनावश्यक अवरोध सिर्जना गर्ने कार्य गर्नु संघीयताको भावना विपरीत हो। नियामक निकायका रूपमा नेपाल राष्ट्र बैंक सँग बैंक शाखा स्वीकृति तथा स्थानान्तरण सम्बन्धी अधिकार निहित रहेको छ।

यस विषयमा अनावश्यक जिल्ला प्रशासान कार्यालय कालिकोटको हस्तक्षेपले पञ्चायतको निरंकुशशैलीको सी.डि.यो. को आभाष हुनुले नेपालको संविधानले स्थापित गरेको संघियताको मर्म, औचित्य र कानुनी आधारबारे स्पष्टता आवश्यक रहेको छ।

आज पलाँताका नागरिकहरू:

- सानो योजना सम्झौताका लागि दिनभरि हिँड्न बाध्य छन्।
- जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता लिन कठिन यात्रामा निस्कनुपरेको छ।
- अपाङ्गता भएका व्यक्तिहरूले थप पीडा भोगिरहेका छन्।
- स्थानीय व्यवसायीहरूले राजस्व दाखिला गर्न असहज अवस्था झेलिरहेका छन्।

यो अवस्था २१औं शताब्दीको संघिय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा स्वीकार्य हुन सक्दैन।

आदरणीय सञ्चारकर्मीहरु तपाई माझ म, पलाँतावासीको तर्फबाट स्पष्ट गर्न चाहन्छु:

- पलाँतावासी कुनै टकराव चाहँदैनौं।
- हामी संवाद र समाधानको पक्षमा छौं।
- तर जनताको अधिकारमाथि सम्झौता गर्ने छैनौं।

- संघीय शासन प्रणालीमा पनि उहि पुरानो केन्द्रिकृत मानसिकता हामीलाई कदापी स्वीकार्य छैन्

स्थानीय सरकार जनताको घरदैलोको सरकार हो। हामीलाई काम गर्न नदिने, सेवा रोक्ने वा स्वायत्त अधिकारमा अंकुश लगाउने साविककै केन्द्रिकृत मानसिकता कुनै पनि कदमप्रति हामी मौन बस्ने छैनौं।

## हाम्रा माग तथा निर्णय

### (१) जिल्ला प्रशासन कार्यालयको पत्र बदर गर्ने

जनसेवामा अवरोध पुग्ने गरी जारी गरिएको पत्रप्रति हामी खेद तथा कडा आपत्ति प्रकट गर्दछौं। प्रशासनलाई राजनीतिक पूर्वाग्रहभन्दा माथि उठेर सहयोगी भूमिका निर्वाह गर्न आग्रह गर्दछौं र तत्काल जिल्ला प्रशासन कार्यालय कालिकोटको बैंक शाखा स्थानान्तरण स्थगन सम्बन्धि पत्र फिर्ता लिन आग्रह गर्दछु।

### (२) नेपाल राष्ट्र बैंक समक्ष अनुरोध

नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नबिल बैंकलाई तत्काल स्थायी केन्द्र रानिबिसौनामा शाखा स्थानान्तरण गर्न वा वैकल्पिक बैंकिङ सेवा सञ्चालन गर्न निर्देशन दिइयोस् भनी अनुरोध गर्दछु।

अन्ततः यदि यथाशीघ्र समाधान नआएमा हामी संवैधानिक अधिकारको प्रयोग गर्दै आम पलाँताबासी आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुनेछौं, जसअन्तर्गत जिल्ला प्रशासन कार्यालय कालिकोटमा शान्तिपूर्ण धर्ना तथा जुलुस कार्यक्रम समेत सञ्चालन गरिनेछ।

तसर्थ यो विषय केवल एउटा बैंक शाखाको स्थानान्तरणको होइन, यो विषय दुर्गम भेगका नागरिकले राज्यको सेवा सहज रूपमा पाउने कि नपाउने भन्ने प्रश्न हो। आज म यस मञ्चबाट पलाँताबासीको तर्फबाट यहाँबाट देशका सम्पूर्ण सरोकारवाला निकायलाई सन्देश दिन चाहन्छु पलाँताको जनताको अधिकार सुनिश्चित नभएसम्म मेरो आवाज उठिरहनेछ।

सञ्चारकर्मी मित्रहरू मार्फत यो आवाज सम्बन्धित निकायसम्म पुग्नेछ भन्ने पूर्ण विश्वास लिएको छु।

धन्यवाद।

सम्पूर्ण पलाँताबासीको तर्फबाट
विष्णु बहादुर रोकाय
अध्यक्ष
पलाँता गाउँपालिका, कालिकोट